# नेपाल राष्ट्र बैंक
## केन्द्रीय कार्यालय
## विदेशी विनिमय व्यवस्थापन विभागको

**एकीकृत परिपत्र-२०७६ को एकीकृत इ.प्रा. परिपत्र: ०१/२०७६ को दफा १.७ को उप-दफा १.७.५ लाई संशोधन गरिएको सम्बन्धी सूचना ।**

प्रतीतपत्र बिना ड्राफ्ट/टि.टि. को माध्यमबाट हुने वस्तु आयातका लागि सटही सुविधा बढीमा एक पटकमा अमेरिकी डलर ३५,००० (पैंतीस हजार) वा सो बराबरको परिवर्त्य विदेशी मुद्रासम्मको लागि मात्र प्रदान गर्न सकिनेछ । यसरी टि.टि. मार्फत सटही प्रदान गर्दा अमेरिकी डलर २५,००० भन्दा बढी विदेशी मुद्राको सटही उपलब्ध गराउँदा Beneficiary को Business Credibility Information (BCI) लिने व्यवस्था मिलाउनु पर्नेछ । साथै, सम्बन्धित फाइलमा सोको अभिलेख राख्नुपर्नेछ ।

तर, कोभिड-१९ को वर्तमान स्वास्थ्य समस्यालाई रोकथाम तथा न्यूनीकरणको लागि सहजीकरण गर्न देहायबमोजिमको व्यवस्था गरिएको छः

१) स्वास्थ्य मन्त्रालय, स्वास्थ्य सेवा विभागको सिफारिसमा गरिने कोभिड-१९ सँग सम्बन्धित औषधिजन्य सामग्रीहरु तथा स्वास्थ्य उपकरणहरु (Medical Supplies and Medical Equipments) को आयातको हकमा एउटै बीजकबाट अमेरिकी डलर १,००,००० (अमेरिकी डलर एकलाख) सम्मको रकम ड्राफ्ट/टि.टि. को माध्यमबाट भुक्तानी गर्न सकिनेछ । साथै, अमेरिकी डलर १००,००० भन्दा माथिको सटही सुविधा आवश्यक परेमा स्वास्थ्य सेवा विभागको सिफारिससहित स्वीकृतिका लागि यस बैंक समक्ष निवेदन पेश गर्नु पर्नेछ ।

२) Oxygen Cylinders, Oxygen Concentrators, Oxygen Tanks, Oxygen Generators, Oxygen Manufacturing Plants, Oxygen Delivery Accessories, अन्य Oxygen सम्बन्धी सामग्री तथा Ventilator Equipments लगायतका कोभिड-१९ को स्वास्थ्य समस्याको उपचारमा सघाउ पुऱ्याउने जीवनरक्षक स्वास्थ्य सामग्री/उपकरणहरुको आयातको हकमा उल्लिखित ड्राफ्ट/टि.टि. को रकमसम्बन्धी सीमा, Business Credibility Information (BCI) र स्वास्थ्य सेवा विभागको सिफारिस २०७८ असार मसान्तसम्मका लागि अनिवार्य नहुने व्यवस्था गरिएको छ । साथै, यस व्यवस्थाबमोजिम आयात गर्न आयातकर्ताले विदेशी विनिमय अपचलन भएमा स्वयम् जिम्मेवार हुने स्वःघोषणा बैंक तथा वित्तीय संस्थासमक्ष पेश गर्नु पर्नेछ र बैंक तथा वित्तीय संस्थाले यस व्यवस्था बमोजिम आयात भएको विवरण संलग्न ढाँचामा मासिक रुपमा प्रत्येक महिना समाप्त भएको सात कार्य दिनभित्र यस विभागसमक्ष पेश गर्नु पर्नेछ ।

उक्त परिपत्र सम्बन्धी विस्तृत विवरण यस बैंकको वेवसाइट www.nrb.org.np मा उपलब्ध रहेको छ ।

भवदीय,

२०७८/१/३०

रामु पौडेल

(कार्यकारी निर्देशक)

नेपाल राष्ट्र बैंकको वेवसाइट www.nrb.org.np मा सूचना प्रकाशन भएको मिति : २०७८/०१/३० ।